**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १७ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष, स्वतन्त्र र हिंसामुक्त बनाउन, भारतको निर्वाचन आयोगले निर्वाचन अधिकारीहरूको अनुगमनका लागि बहु-स्तरीय र व्यापक प्रणाली लागू गरेको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा 19 पुलिस अधिकारीहरूलाई तत्काल प्रभावबाट स्थान्तारण गरेको छ। यस सम्बन्धमा मुख्यमन्त्री ममता बनर्जीले निर्वाचन आयोगलाई पत्र लाख्नु भएको छ|

- तृणमूल कांग्रेस (टीएमसी) ले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मेदवारहरूको सूची जारी गरेको छ। २९४ सिटमध्ये ३ सिटमा अनित थापाको नेतृत्वमा रहेको बीजीपीएमका उम्मेदवार रहनेछन् |

- दार्जीलिङका प्रमुख जिल्ला अधिकारी सुनील अग्रवालले आज पश्चिम बंगाल बिधानसभा चुनाव २०२६ पूर्व पत्रकार सम्मेलन गरी चुनाव आचारसंहिता कार्यान्वयन,–नियम तथा राजनीतिक दलहरूसँग भएको परामर्शबारे जानकारी दिनुभयो।

- हिज साँझ दर्जीलंग, सिलिगुडी, नक्सलबारी र फुलबारी लगायत उत्तर बंगालका धेरै क्षेत्रमा आएको भीषण आँधीले ठूलो क्षति पुर्याएको छ।

**पश्चिम बंगाल विधानसभा चुनाव/ निर्वाचन आयोग**

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई निष्पक्ष, स्वतन्त्र र हिंसामुक्त बनाउन, भारतको निर्वाचन आयोगले निर्वाचन अधिकारीहरूको अनुगमनका लागि बहु-स्तरीय र व्यापक प्रणाली लागू गरेको छ। यस प्रणाली अन्तर्गत, बुथ-स्तरीय कर्मचारीदेखि जिल्ला-स्तरीय अधिकारीहरूसम्म सबैको कामको निरन्तर निगरानी गरिनेछ।राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालय स्रोतहरूका अनुसार, अप्रिल २३ र २९ मा मतदानको दुवै चरणमा निर्वाचन संयन्त्रको वास्तविक-समय अनुगमन गरिनेछ। प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले पहिले नै शान्तिपूर्ण चुनावको आश्वासन दिनुभएको छसान्तिपूर्ण मतदानको लागि निर्वाचन आयोगले दुई-स्तरीय नियन्त्रण कक्ष प्रणाली स्थापना गरेको छ। जिल्ला स्तरमा, जिल्ला मजिस्ट्रेटको कार्यालयमा स्थापित नियन्त्रण कक्षहरूले मतदान केन्द्र र बुथहरूमा गतिविधिहरूको निगरानी गर्नेछन्। यसले निर्वाचन अधिकारीहरू र मतदान अधिकारीहरूले आयोगको दिशानिर्देशहरूको पूर्ण पालना गर्छन् भनी सुनिश्चित गर्नेछ।

***राज्य स्तरमा, कोलकातामा मुख्य निर्वाचन अधिकारीको कार्यालयमा एक समन्वित नियन्त्रण कक्ष स्थापना गरिएको छ। यो नियन्त्रण कक्षले जिल्लाहरूको कामको निगरानी गर्नेछ र मतदाताहरू र राजनीतिक दलहरूबाट प्राप्त गुनासोहरूको स्थिति समीक्षा गर्नेछ।मतदानको दिन पर्यवेक्षकहरूको बलियो सञ्जाल पनि रहनेछ। मतदान प्रक्रियाको निरीक्षण गर्न राज्यका सबै २९४ विधानसभा निर्वाचन क्षेत्रहरूमा छुट्टाछुट्टै पर्यवेक्षकहरू खटाइनेछन्। यसका साथै, प्रत्येक जिल्लामा केन्द्रीय पर्यवेक्षकहरू नियुक्त गरिनेछन्, जसले जिल्ला नियन्त्रण कक्षबाट स्थितिको अनुगमन गर्नेछन्। निर्वाचन आयोगद्वारा नियुक्त केन्द्रीय पर्यवेक्षकहरू र उनीहरूको टोलीले उच्चतम स्तरको अनुगमन गर्नेछन्।***

***यस पल्ट सुरक्षा व्यवस्थामा पनि ठूला परिवर्तनहरू गरिएको छ। आदर्श आचारसंहिताको समयमा केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथी र आवागमनको बारेमा निर्णय गर्ने अधिकार जिल्ला प्रशासनहरूलाई अब हुनेछैन। निर्वाचन आयोगद्वारा नियुक्त पुलिस पर्यवेक्षकहरूले संवेदनशील क्षेत्रहरूमा परिस्थितिको आधारमा केन्द्रीय बलको***

***तैनाथीको बारेमा अन्तिम निर्णय गर्नेछन्।संयुक्त जिल्ला-स्तरीय टोलीहरूले सुरक्षा आवश्यकताहरूको मूल्याङ्कन गर्न सहयोग गर्नेछन्, तर सञ्चालन नियन्त्रण केन्द्रीय पर्यवेक्षकहरूसँगै रहनेछ। अघिल्ला चुनावहरूमा, यो जिम्मेवारी जिल्ला मजिस्ट्रेटहरूले सम्हाल्ने गर्थे।यो उल्लेखनीय छ कि यस पल्ट, राज्यको २९४ विधानसभा निर्वाचन क्षेत्रहरूको लागि मतदान दुई चरणमा हुनेछ। पहिलो चरणमा अप्रिल २३ मा १५२ सिटका लागि र दोस्रो चरणमा अप्रिल २९ मा १४२ सिटका लागि मतदान हुनेछ।***

## मुख्यमन्त्री ECI पत्रचार

मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा चुनाउको मिति घोषणा भएपछि वरिष्ठ प्रशासनिक अधिकारीहरूलाई फेरबदल गरिएको परिप्रेक्ष्यमा भारत निर्वाचन आयोगलाई पत्र लेखी आफ्नो आपत्ति दर्ता गर्नुभएको छ।मुख्यमन्त्रीले यो पत्र मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारलाई पठाउनुभएको छ जसमा उहाँले राज्य प्रशासनका केही वरिष्ठ अधिकारीहरूलाई अचानक अपदस्थ गर्ने निर्णयमाथि चिन्ता र आश्चर्य व्यक्त गरिएको छ।पत्रमा ममता ब्यानर्जीले लाख्नु भएको छ 3 र 4 मार्चमा जारी आदेश अन्तर्गत राज्य प्रशासनका केही शीर्ष अधिकारीहरू क्रमैले मुख्य सचिव, गृह एवं पार्वतीय मामिलाका सचिव, पुलिस महानिदेशक अनि अन्य वरिष्ठ अधिकारीहरूलाई स्थानान्तरण गरिएको छ। यस्तो व्यापक स्तरमा गरिएको फेरबदल पछाड़िको कुनै ठोस कारण वा चुनाउसित सम्बन्धित कुनै प्रकारको सिकायत वा आरोपहरूको उल्लेख गरिएको छैन।मुख्यमन्त्रीले आफ्नो पत्रमा यो पनि भन्नुभएको छ, भारतीय संविधानको अनुच्छेद 324 र जनप्रतिनिधित्व अधिनियमका प्रावधानहरू अन्तर्गत चुनाउ अवधि चुनाउसित सम्बन्धित अधिकारीहरूलाई निर्वाचन आयोगको अधिनमा मानिन्छ र उनीहरूलाई स्थानान्तरण वा नित्त गर्ने अधिकार हुन्छ। तर यस किसिमको निर्णय लिनअघि आयोगले आम रूपमा सरकारबाट परामर्श लिनु पर्ने हुन्छ।मुख्यमन्त्रीले आफ्नो पत्रमा, यस प्रकारको एकतर्फी निर्णय संघीय ढाँचा तथा सहकारी संघवादको भावनालाई कमजोर बनाउँछ जुन भरतीय लोकतन्त्रिक व्यवस्थाको एउटा महत्वपूर्ण आधार हो भनि बताउनुभएको छ।पत्रको अन्तमा उहाँले निर्वाचन आयोगसित अनुरोध गर्नुभएको छ, भविष्यमा यस किसिमको एकतर्फी कदम उठाउनदेखि बचियोस्, किनभने यसबाट आयोगको विश्वसनीयता र संस्थागत गरिमा प्रभावित हुनसक्छ।

## पूर्व गृह सचिव जगदीश प्रसाद मीणा

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को घोषणा पछि प्रशासनिक फेरबदलमा आफ्नो पदबाट हटाइएका पूर्व गृह सचिव जगदीश प्रसाद मीणालाई अब भारतको निर्वाचन आयोगले तमिलनाडुमा चुनाव पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ।निर्वाचन आयोग स्रोतका अनुसार, मीणालाई तमिलनाडुको एक विधानसभा निर्वाचन क्षेत्रमा मतदान प्रक्रियाको निरीक्षण गर्ने जिम्मेवारी तोकिएको छ। चुनाव तालिका घोषणा भएपछि उनलाई हालै पश्चिम बंगाल गृह सचिवको पदबाट हटाइएपछि यो नियुक्ति भएको हो।निर्वाचन तालिका घोषणा भएको केही घण्टा भित्रै, आयोगले राज्यको प्रशासन र पुलिस विभागमा ठूला परिवर्तनहरू गर्यो। अबेर राति गरिएको यस फेरबदलमा, मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई दुष्मन्त नारियालाले प्रतिस्थापन गरे, जबकि संघमित्र घोषलाई नयाँ गृह सचिव नियुक्त गरियो।

## तृणमूल कांग्रेस उम्मेदवार सूची

तृणमूल कांग्रेस (टीएमसी) ले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मेदवारहरूको सूची जारी गरेको छ। तृणमूल कांग्रेसले बंगाल विधानसभाको २९४ सिटमध्ये २९१ सिटमा उम्मेदवार बनाउनेछ भने अनित थापाको नेतृत्वमा रहेको बीजीपीएमले दार्जिलिङ पहाडका बाँकी तीन सिटमा उम्मेदवार बनाउनेछ। ममता बनर्जी यस पटक नन्दीग्रामबाट उम्मेदवार हुने छैनन्; उनी भवानीपुरबाट उम्मेदवार हुनेछिन्। भाजपाले शुभेन्दु अधिकारीलाई भवानीपुर र नन्दीग्रामबाट उम्मेदवार बनाएको छ। ममता बनर्जीले आफ्नो पार्टी टीएमसीले राज्यको २९४ सिटमध्ये २९१ सिटमा उम्मेदवार बनाउने बताउनुभयो भने, जबकि बीजीपीएमले दार्जिलिङ पहाडका तीन सिटमा उम्मेदवार खडा गर्ने बताउनुभयो। अभिषेक बनर्जीले  २९१ तृणमूल कांग्रेस उम्मेदवारहरूमध्ये ५२ महिला, ९५ एससी/एसटी र ४७ अल्पसंख्यक रहेको बताउनु भएको छ। तृणमूल कांग्रेसले कोलकाता बन्दरगाहबाट फिरहाद हाकिम, बेलेघाटाबाट कुणाल घोष र हाब्राबाट ज्योतिप्रिया मल्लिकलाई उम्मेदवार बनाएको छ। उम्मेदवारहरूको सूची जारी गर्नुअघि, ममता बनर्जीले भाजपाको तर्फबाट निर्वाचन आयोगले "राम्रो खेल" खेलेको आरोप लगाउँदै भन्नुभयो कि निर्वाचन आयोगले

भाजपाको लागि सिधै प्रचार गर्नुपर्छ। बनर्जीले भन्नुभयो कि निर्वाचन आयोगले भाजपाको आदेशमा अधिकारीहरूको ट्रान्सफर गरिरहेको छ।

***टीएमसीले आफ्नो पहिलो सूचीमा, एथलीट स्वप्ना बर्मनलाई राजगंज र जलपाईगुडीबाट मनोनित गरेको छ। चाचोलबाट आईपीएस प्रसुन बनर्जी, डोमकोलबाट पूर्व आईपीएस हुमायुन कबीर, बरन नगरबाट मदन मित्र र हिंगलगंजबाट मोहम्मद तौसिफ रहमान लाईमनोनित गरेको छ । टीएमसीको सूचीमा ५२ महिला उम्मेदवारहरू छन्। मुख्यमन्त्री ममता बनर्जीले २०२६ को बंगाल विधानसभा चुनावमा टीएमसीले २२६ भन्दा बढी सिट जित्ने दाबी गर्नुभएको छ। पत्रकार सम्मेलनमा ममता बनर्जीले निर्वाचन आयोगलाई निशाना बनाउँदै भन्नुभयो निर्वाचन आयोगले भाजपाको तर्फबाट "निष्पक्ष खेल" खेलिरहेको छ र उनीहरूले भाजपाको लागि सिधै प्रचार गर्नुपर्छ। तृणमूल कांग्रेसका उम्मेदवारहरूको सूची जारी गर्नुहुदै, बंगालका मुख्यमन्त्रीले भन्नुभयो कि निर्वाचन आयोगले भाजपाको आदेशमा अधिकारीहरूको सरुवा गरिरहेको छ। यदि कुनै अप्रिय घटना भयो भने, निर्वाचन आयोग र भाजपा जिम्मेवार हुनेछन्। मार्च १५ मा, निर्वाचन आयोगले पश्चिम बंगाल विधानसभा चुनावको तालिका घोषणा गऱ्यो। यस पटक, पश्चिम बंगालमा चुनाव दुई चरणमा हुनेछ, जसमा अप्रिल २३ र २९ मा मतदान हुनेछ। मत गणना ४ मे मा हुनेछ।***

**दार्जीलिङ DM**

दार्जीलिङका प्रमुख जिल्ला अधिकारी सुनील अग्रवालले आज पश्चिम बंगाल बिधानसभा चुनाव २०२६ पूर्व पत्रकार सम्मेलन गरी चुनाव आचारसंहिता कार्यान्वयन, सञ्चारमाध्यमले पालन गर्नुपर्ने कार्य–नियम तथा राजनीतिक दलहरूसँग भएको परामर्शबारे जानकारी दिनुभयो।उहाँले बताउनु भए अनुसार चुनाव संवेदनशील भएकाले जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सबै निकायले चौबीसै घण्टा निरन्तर अनुगमन गर्दै चुनाव शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गराउन आवश्यक सम्पूर्ण तयारी मिलाइएको छ।

**सोनादा भिषण आँधी**

हिज साँझ आएको भिषण आँधीका कारण अप्पर सोनादा ग्राम पञ्चायत अन्तर्गतको चटकपुर गाउँमा चारवटा घरहरु क्षतिग्रस्त भएको छ। भिषण आँधीले अप्पर सोनादा ग्राम पञ्चायत अन्तर्गतको चटकपुर गाउँमा आँचु शेर्पा, निमा शेर्पा, पास्तेम्बा शेर्पा र वाङदेन शेर्पाको घर क्षतिग्रस्त भएको छ। उक्त क्षतिग्रस्त घरहरुको निरीक्षण गर्न आज अप्पर सोनादा ग्राम पञ्चायत सचिव सुरज मोथे, पञ्चायत प्रधान दावा तामाङ, जीआरएस बिशन देवानले घटनास्थलको भ्रमण गरी पीडित परिवारसँग भेटघाट गरेका छन्। यसको साथै क्षतिको बारेमा उच्च अधिकारीलाई रिपोर्ट गरिएको जानकारी प्राप्त भएको छ। भिषण आँधीका कारण धेरै बिजुलीका पोलहरूमा क्षति पुगेको छ। त्यस क्षेत्रमा विद्युत आपूर्ति पनि पूर्ण रूपमा अवरुद्ध भएको जानकारी प्राप्त भएको छ।

**मिरिक भीषण आँधी**

हिज साँझ आएको भीषण आँधीले मिरिक क्षेत्रमा ठूलो क्षति पुर्याएको छ। विशेषगरी मिरिक नगरपालिका वार्ड नम्बर ९ अन्तर्गत पर्ने सोह्रसाले गाउँमा प्राकृतिक विपत्तिको प्रभाव गम्भीर रूपमा देखिएको छ। स्थानीय प्रकाश पाख्रिनबाट प्राप्त जानकारीअनुसार, भीषण आँधीका कारण एक विशाल रूख ढलेर स्थानीय बासिन्दा वाङछेन तामाङको गाडीमा क्षति पुगेको छ। त्यसैगरी, आँधीको प्रकोपले गाउँका ६ वटा घर उडाएर पूर्ण रूपमा भत्काएको जनाइएको छ। स्थानीयवासीहरू त्रासमा रहेका छन् भने प्रभावित परिवारहरू सुरक्षित स्थानतर्फ सर्न बाध्य भएका छन्।

**पूर्व गृह सचिव जगदीश प्रसाद मीणा**

पश्चिम बंगाल विधानसभा चुनाव २०२६ को घोषणा पछि प्रशासनिक फेरबदलमा आफ्नो पदबाट हटाइएका पूर्व गृह सचिव जगदीश प्रसाद मीणालाई अब भारतको निर्वाचन आयोगले तमिलनाडुमा चुनाव पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ।निर्वाचन आयोग स्रोतका अनुसार, मीणालाई तमिलनाडुको एक विधानसभा निर्वाचन क्षेत्रमा मतदान प्रक्रियाको निरीक्षण गर्ने जिम्मेवारी तोकिएको छ। चुनाव तालिका घोषणा भएपछि उनलाई हालै पश्चिम बंगाल गृह सचिवको पदबाट हटाइएपछि यो नियुक्ति

भएको हो।निर्वाचन तालिका घोषणा भएको केही घण्टा भित्रै, आयोगले राज्यको प्रशासन र पुलिस विभागमा ठूला परिवर्तनहरू गर्यो। अबेर राति गरिएको यस फेरबदलमा, मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई दुष्मन्त नारियालाले प्रतिस्थापन गरे, जबकि संघमित्र घोषलाई नयाँ गृह सचिव नियुक्त गरियो।

**********